नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
( मानवश्रोत विकास विभाग )
नक्साल, काठमाण्डौं ।

# म्यादी प्रहरी भर्ना सम्बन्धी सूचना !!!

प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन २०७४ को लागि म्यादी प्रहरी भर्ना गर्नु पर्ने भएकोले देहाय बमोजिमका योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट रु.१० को टिकट टाँसी (स्वयं उपस्थित भई) दरखास्त दिन आव्हान गरिन्छ ।

**१. दरखास्त दिने मिति** :- २०७४/०६/२४ गते १०:०० बजेदेखि २०७४/०६/३० गते १७:०० बजेसम्म ।

**२. दरखास्त फाराम पाइने र बुझाउने स्थान तथा माग पद संख्या** :-

| पद | माग पद संख्या | दरखास्त बुझाउने कार्यालय |
|---|---|---|
| म्यादी प्रहरी | ९८,२६८ | उपत्यकाको हकमा प्रहरी परिसरहरु (काठमाण्डौं, भक्तपुर र ललितपुर) । |
| | | सबै जिल्ला प्रहरी कार्यालयहरु । **(नवलपरासी र रुकुमको हकमा साविक जिल्ला प्रहरी कार्यालयहरु रुकुम, नवलपरासी)** |

**३. आवश्यक न्यूनतम योग्यता र प्राथमिकता** :-

| उमेर हद | आवश्यक न्यूनतम योग्यता | म्यादी प्रहरी भर्नाको लागि प्राथमिकता |
|---|---|---|
| दरखास्त फाराम दर्ता गर्ने अन्तिम मितिसम्म १८ वर्ष पुरा भई ५४ वर्ष ननाघेको । | १. नेपाली नागरिक हुनु पर्ने ;<br>२. कुनै नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार नठहरिएको ;<br>३. कुनै राजनैतिक दलको सदस्य नरहेको ;<br>४. शारीरिक तथा मानसिक रुपले तन्दुरुस्त रहेको ;<br>५. साधारण लेखपढ गर्न जान्ने । | १. नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरीमा कार्यरत रही पेन्सन वा उपदान प्राप्त पूर्व सुरक्षाकर्मीहरु ;<br>२. पूर्व वन रक्षकहरु ;<br>३. नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बलमा भर्नाको लागि आवेदन दिई विभिन्न परीक्षामा समावेश भएका प्रवेश पत्रको प्रतिलिपी पेश गर्ने व्यक्तिहरु ;<br>४. विदेशी मित्र राष्ट्रका सुरक्षा निकायहरुमा काम गरी सेवा निवृत्त नेपाली पूर्व सुरक्षाकर्मीहरु ;<br>५. विगतका संविधानसभा र स्थानिय तह निर्वाचनमा म्यादी प्रहरीको रुपमा भर्ना भई राम्रो काम गरेका म्यादी प्रहरीहरु । |

**४. सम्पर्क मिति र स्थान** :-

- मिति: २०७४/०७/०१ गते ।
- स्थान: आवेदन दर्ता गराएका सम्बन्धित प्रहरी कार्यालयहरु ।
- समय: विहान १०:०० बजे ।

**५. छनौट सम्बन्धी** :-

- छनौट प्रारम्भ हुने अवधि :- मिति २०७४/०७/०५ गतेदेखि २०७४/०७/०८ गतेसम्म ।
- अन्तिम छनौट नतिजा प्रकाशन :- मिति २०७४/०७/१० गते ।
- प्रशिक्षण दिने मिति :- २०७४/०७/१२ गतेदेखि २०७४/०७/२४ गतेसम्म ।

**६. म्यादी प्रहरीको कार्यावधि** :-

निर्वाचनमा खटिने म्यादी प्रहरीको कार्यावधि ५५ दिनको हुनेछ ।

**७. सेवा तथा सुविधा** :-

- म्यादी प्रहरीलाई नेपाल प्रहरी जवान सरह (आधारभूत तलब १७,२३०) को दरले ५५ दिनको लागि पारिश्रमिक, राशन र स्थानिय भत्ता उपलब्ध गराईनेछ ।
- निर्वाचनको कुनै पनि ड्युटीमा खटिने म्यादी प्रहरीलाई ७ दिनको लागि प्रतिदिन रु.२५०।- को दरले विशेष भत्ता र ७ दिनकै लागि प्रतिदिन रु.२५०।- का दरले खाजा/खाना खर्च उपलब्ध गराईने छ ।
- निर्वाचनको क्रममा घाईते भएका कुनै पनि म्यादी प्रहरीको उपचारका लागि नागरिक राहत क्षतिपूर्ति तथा आर्थिक कार्यविधि, २०६८ (संशोधित) अनुसार बढिमा रु. १,५०,०००।- सम्मको उपचार खर्च नेपाल सरकारले व्यहोर्ने छ ।
- निर्वाचनको क्रममा खटिने कुनै पनि म्यादी प्रहरीको निर्वाचनको क्रममा मृत्यु भएमा निजको आश्रित परिवारलाई नेपाल सरकारले रु.पन्ध लाख सम्म आर्थिक सहायता उपलब्ध गराउने छ ।
- म्यादी प्रहरीलाई निर्वाचन अवधिभर तोकिएको बमोजिम पोशाक प्रयोग गर्नका लागि प्रति म्यादी प्रहरी रु.४,०००।- का दरले पोशाक सुविधा उपलब्ध गराईने छ ।
- निर्वाचनको क्रममा खटिने म्यादी प्रहरीलाई खटिएको ठाउँमा आउन र जान तयारी स्वरुप प्रति म्यादी प्रहरी रु.१,०००।- का दरले तयारी खर्च उपलब्ध गराईने छ ।

मिति:- २०७४/०६/२४ गते ।

नेपाल सरकार गृह मन्त्रालय प्रहरी प्रधान कार्यालय, नक्साल

**प्रहरी प्रधान कार्यालय**
मानवश्रोत विकास विभाग
भर्ना तथा छनौट शाखा
नक्साल, काठमाण्डौं ।